# प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९
# दैनिक अनुगमन प्रतिवेदन
### २०७९ कात्तिक २५ गते शुक्रबार

आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन आउन आठ दिन बाँकी छ । निर्वाचन आयोगले निर्वाचन तयारीका लागि आवश्यक कार्य सम्पन्न गरेको जनाएको छ। देशका विभिन्न जिल्लामा नमूना मतदानको अभ्यास सञ्चालन गरिएका छन् भने निर्वाचन आयोगले स्वास्थ्य स्वयम्सेविकामार्फत मतदाता शिक्षा सञ्चालन गरेको छ । विगतका निर्वाचनमा मतदाता शिक्षको अभावमा भएको मतबदर संख्या घटनाउन मतदाता शिक्षा अभियानले सहयोग पुग्ने निर्वाचन आयोगले जनाएको छ । निर्वाचन पर्यवेक्षणका लागि अनुमति पाएका संस्थाहरूले पर्यवेक्षकको अभिमुखिकरण गरिरहेका छन् । यस निर्वाचन करिब १० हजार पर्यवेक्षकले अनगुमन गर्ने आयोगले जनाएको छ ।

निर्वाचन नजिकिएसँगै राजनीतिक दल तथा उम्मेदवारहरू घरदैलोमा व्यस्त छन् । शहर बजारमा निर्वाचनको माहोल कम देखिए पनि ग्रामीण भेगमा प्रचार प्रसारका कार्यक्रमहरू हुँदै आएका छन् । आज निर्वाचन लक्षित हिंसाका केही घटना अभिलेख भए । निर्वाचन आचार संहिता अनुगमनका विषय अझै पनि गौण नै बनेको छ। आचार संहिता विपरीतका गतिविधि पनि देखिएका छन् । सार्वजनिक स्थल प्रचार सामाग्रीले भरिभराउ देखिएका छन् । राजनीतिक दल तथा उम्मेदवारहरुले निर्वाचन आचारसंहिताको ख्यालै नगरि चुनावी प्रचार गरिरहेका छन् । जसका कारण दलहरुसँगको संलग्नतामा बनेको मापदण्डको समेत उल्लंघन भइरहेको छ । जिल्लामा आचारसंहिताको उल्लंघन भइरहँदा प्रभावकारी अनुगमन एवं नियमन भने हुन सकेको छैन । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको मापदण्डमा स्पष्ट भनिएको छ, "उम्मेदवारको प्रचारप्रसार गर्दा ३ सय ४० वर्ग मिटर नबढ्ने गरि पोस्टर तथा पमप्लेट प्रयोग नगरौं, चुनावी प्रचारमा बालबालिकाको प्रयोग नगरौं ।" तर विभिन्न जिल्लामा आयोगको मापदण्डभन्दा बाहिर गएर पोस्टर तथा पप्लेट यत्रतत्र छरिएका छन् ।

लोकतान्त्रिक शासन व्यवस्थामा जनमतको वास्तविक प्रतिनिधित्व केवल स्वतन्त्र, स्वच्छ र विश्वसनीय निर्वाचनबाट मात्रै सम्भव छ । जनइच्छाको सही प्रतिनिधित्वको अपेक्षा यिनै अवस्थाहरुमा मात्र गर्न सकिन्छ ।

निर्वाचनलाई स्वच्छ, निस्पक्ष, र तटस्थ लोकतान्त्रिक विषय र प्रक्रियाका रूपमा राज्यका संस्थाहरू, राजनीतिक दलहरू तथा गैरराज्य शक्तिहरूले आत्मसात गर्न जरूरी छ। यस प्रकारको अभ्यासबाट मात्रै लोकतान्त्रिक संकृतिको प्रर्वधन हुन्छ । यही संस्कृतिका कारण नागरिक र मतदाताहरूमा निर्वाचनप्रति आकर्षण र अपनत्व बढ्दछ र जनताले खास रूचाएका उमेद्वारलाई शर्त सहित जनादेश दिने परम्पराको विकास हुन्छ । असल राजनीतिक संस्कृतिको थालनीसँगै मतदातालाई सर्वोपरि मान्दै उनीहरूप्रति जवाफदेहिका लागि निस्पक्ष र स्वतन्त्र छनोटको प्रर्याप्त अधिकार र अवसर दिनुनै निर्वाचनकोसार्थकता हो। यही सार्थकताले नै लोकतन्त्रको सवलीकरणमा सहयोग पुग्दछ ।

**सुर्खेत जिल्ला प्रतिनिधि प्रभाकुमारी रावतका अनुसार** प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि सुर्खेतका १० वटा मतदान केन्द्रलाई अपाङ्गमैत्री बनाइने भएको छ । वीरेन्द्रनगर उपत्यकाभित्रका १० वटा निर्वाचन केन्द्रलाई अपाङ्गतामैत्री बनाइने भएको हो । सुर्खेत कारागारमा रहेका १ सय १ जना कैदीबन्दीले पहिलो पटक मतदान गर्न पाउने भएका छन् । यसैगरी, सुर्खेतमा कार्यरत ३ हजार २ सय

२८ कर्मचारीले पनि मतदान गर्न पाउनेछन् । कर्णाली प्रदेशका १० जिल्लामा मतपत्र तथा निर्वाचन सामग्रीहरू पुगिसकेको प्रदेश निर्वाचन अधिकारी दुर्गाप्रसाद चालिसेले बताउनुभयो ।

**जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलकाअनुसार** प्रतिनिधि र प्रदेश सभाको निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल र तिनका उम्मेदवारले प्रचारप्रसारलाई तीब्रता दिएका छन् । जिल्ला निर्वाचन कार्यालय ,जुम्लाले ६० वडामा ६० जना महिला स्वयम्सेविका परिचालन गरी मतदाता शिक्षा प्रदान गरिरहेको निर्वाचन अधिकारी महेश शर्माले बताउनु भयो । उहाँले भन्नुभयो निर्वाचन आचारसंहिता उल्लंघनका उजुरी नआएकोले स्पष्टीकरण पनि सोध्नु परेको छैन ।

**रुकुम (पश्चिम) जिल्ला मनिषा केसीकाअनुसार** प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि जिल्लामा ११ सय १२ जना कर्मचारी खटाइएको छ । रुकुमपश्चिमका १ सय ३९ मतदान केन्द्रमा ८ जनाका दरले ११ सय १२ कर्मचारी खटाइएको जिल्ला निर्वाचन कार्यालयकी प्रमुख कुमारी रिमा मल्लले जानकारी दिनु भयो । उहाँका अनुसार निर्वाचनमा खटिएका कर्मचारीका लागि २०७९ कात्तिक २५ गते देखि तालिम दिइएको र निर्वाचनका लागि चाहिने सम्पुर्ण सामग्री हस्तान्तरण गरी मतदान स्थल तथा केन्द्रमा पठाइने छ ।

**हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहकाअनुसार** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरेर खार्पुनाथ गाउँपालिकामा जिल्ला निर्वाचन कार्यालय हुम्लाले कार्तिक २४ र नाम्खामा गाउँपालिकामा कात्तिक २२ गते नमूना मतदान सम्पन्न गरेको हो ।
मतदाता शिक्षालाई प्रभावकारी बनाउनका लागि नाम्खा रखार्पुनाथ गाउँपालिकामा नमूना मतदान कार्यक्रम आयोजना गरिएको जिल्ला निर्वाचन कार्यालयका निमित्त जिल्ला निर्वाचन अधिकारी श्याम बहादुर रानाले बताउनु भएको हो ।

**दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदका लागि हुने संसदीय निर्वाचन शान्ति, मर्यादित र निष्पक्षरुपमा सञ्चालन गर्न भन्दै स्थानीय प्रशासनले मदिरा बिक्री वितरण र उपभोगमा रोक लगाएको छ । आज कात्तिक २५ गतेदेखि अर्को सूचना नभएसम्मको लागि मदिरा बिक्री वितरण र उपभोगमा समेत रोक लगाइएको दैलेखका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले जानकारी दिनुभयो । ‘ मङ्सिर ४ गते मतदानका दिनसम्मलाई केन्द्रित गरी रोक लगाइएको हो’ उहाँले बताउनुभयो ।

**जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठकाअनुसार** इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतले जाजरकोटमा निर्वाचन अनुगमन गरेको छ । इन्सेकका पूर्व महासचिव डा.कुन्दन अर्याल, इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदी, कार्यक्रम संयोजक किरण पौडेलसहितको टोलीले अनुगमनका क्रममा जिल्ला न्यायाधीश केशवराज चपाई, प्रमुख जिल्ला अधिकारी अन्जन न्यौपाने, डिएसपी सन्तोष निरौला र निमित्त जिल्ला निर्वाचन अधिकारी नवीन कठायतसँग भेटी निर्वाचन पूर्वको अवस्था, आचारसंहिता उल्लंघन र सुरक्षा अवस्थाका बारेमा जानकारी लिएको थियो ।

**सल्यान जिल्ला प्रतिनिधि मीना बुढाथोकीका अनुसार** प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा खटिएका मतदान तथा सहायक मतदान अधिकृतका लागि अभिमुखिकरण तालिम कात्तिक

२५ गते देखी सुरू भएको छ । जिल्ला निर्वाचन कार्यालय सल्यानको आयोजनामा भएको तालिममा २ सय २ जना मतदान र सहायक मतदान अधिकृतको सहभागिता रहेको थियो ।
कुल १ लाख ५७ हजार ७ सय १ मतदाता रहेको सल्यान जिल्लामा जिल्ला निर्वाचन कार्यालयले मतदाता शिक्षा कार्यक्रम अन्तर्गत शनिबार जिल्लाको सदरमुकाम खलंगामा नमुना मतदान गरेको थियो । बदर मत कम गर्ने उद्देश्यले नमुना मतदान गरिएमा धेरैजसो मत बदर नै भएका थिए । नुमना मतदान कार्यमा ६७ जनाले सहभागिता जनाएका थिए । जसमा खसेको मतको ३४ प्रतिशत अर्थात २३ मत बदर भएको छ । ४४ मत मात्रै सदर भयो । मतपत्रमा चुनाव चिन्हहरु भने सांकेतिक रुपमा राखिएको थियो । निर्वाचनमा बदर मत कम गर्ने र मतदातालाई सहजताका लागि निर्वाचनका सम्पूर्ण प्रक्रिया सहित नमुना मतदान कार्यक्रम आयोजना गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

## लुम्बिनी प्रदेश

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा भाग लिने राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूले आफ्नो पक्षमा मतदान गर्न प्रचार प्रसारलाई तीब्रता दिएका छन् । प्रदेशमा एक दुई घटना र केही आचार संहिता उल्लङ्घनका घटना बाहेक अवस्था समान्य रहेको छ । निर्वाचन आयोगले मतदाता शिक्षालाई प्रभावकारी बनाउन नसक्दा चार वटा मत पत्रमा मतदान गर्नु पर्दा मत बदर हुने र समय बढी लाग्ने देखिन्छ ।

**दाङ जिल्ला प्रतिनिधि जयनारायण पुनका अनुसार** निर्वाचन आचार संहिता विपरितका गतिविधिमा कमी आउन सकेका छैन । पाँच दलीय गठबन्धनको तर्फबाट दाङ निर्वाचन क्षेत्र नं. १ प्रतिनिधि सभा सदस्य उम्मेदवार एवं शहरी विकास मन्त्री मेटमणि चौधरीले गाउँ गाउँमा आचार संहिता विपरित डिजे साउण्ड प्रयोग गरेर प्रचार प्रसार गरेको पाइएको छ । निर्वाचन आचार संहिता परिच्छेद ४ को १३(ढ) मा उम्मेदवार सहभागी दलका भेला, कार्यक्रमबाहेक अरु अवस्थामा कुनै पनि श्रव्य, दृष्य सामग्रीको प्रयोग गर्न नपाइने उल्लेख छ । तर निर्वाचनको मिति निजकिदै जाँदा मन्त्री चौधरीले गाउँ टोलमा ठूलो आवाज सहितका साउण्ड सिस्टम प्रयोग गरेको पाइएको हो । देउखुरी क्षेत्रको राप्ती, गढवा, राजपुर र लमही क्षेत्रमा डिजे साउण्डको प्रयोग गरिएको छ । यसैगरी, जिल्लाका क्षेत्र नं. २ र ३ मा पनि गठबन्धन, नेकपा एमाले र स्वतन्त्रका उम्मेदवारहरूले पनि उम्मेदवारसहितको भेला, कार्यक्रमबाहेक पनि टोल टोलमा माइकिङ गर्ने काम गरेको पाइएको छ । प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले प्रहरी, प्रशासनले ध्वनी प्रदूषण नगर्न सचेत गराएको भए पनि दल र उम्मेदवारले साउण्ड सिष्टम प्रयोग गरेर गाउँ गाउँमा प्रचार गरिरहेका छन् । यसैगरी, निर्वाचन कार्यालयले निर्वाचनमा खटिएका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिन थालेको छ । निर्वाचन क्षेत्र नं. १, २ र ३ मा तालिम दिन लागिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

**गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्यालका अनुसार** निर्वाचन आयोगले निर्वाचन आचार संहिता उल्लङ्घन गर्ने जिल्लाका १४ जनालाई स्पष्टिकरण सोधेको छ । जनप्रतिनिधिहरूले आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचन प्रचार गरेको र शिक्षक तथा कर्मचारीहरू पनि राजनीतिक दलको चुनावी सभामा भाग लिएको भन्ने उजुरीका आधारमा १४ जनालाई स्पष्टीकरण सोधिएको जिल्ला स्तरीय आचारसंहिता अनुगमन अधिकृत छविन्द्र बेलबासेले जानकारी दिनुभयो । केही व्यक्तिहरूलाई दोहोर्‍याएर पनि पत्र पठाइएको बेलबासेले बताउनुभयो । बालबालिका प्रयोग र गाडी दुरुपयोगको विषयमा पनि मौखिक उजुरी परेकाले छानविनको

काम भइरहेको निर्वाचन कार्यालयले जनाएको छ। यसैगरी, जिल्लामा २ हजार २ सय २६ जना जनशक्ति निर्वाचनमा परिचालन भएका छन्। क्षेत्र नं १ मा १ हजार १ सय ९९ र क्षेत्र नं २ मा १ हजार २७ जना मतदान अधिकृतसहितका कर्मचारी परिचालन गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

**रुकुम (पूर्व), प्रतिनिधि मनिषा केसीकाअनुसार** आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि जिल्लामा ४ सय ४८ जना कर्मचारी खटाइएको छ। रुकुम पूर्वका ५६ वटा मतदान केन्द्रमा आठ जनाका दरले ४ सय ४८ जना कर्मचारी खटाइएको जिल्ला निर्वाचन कार्यालय प्रमुख तेजकुमार वलीले जानकारी दिनु भयो। रुकुम पूर्वमा निर्वाचनमा चाहिने सबै समाग्री समयमै पुगेको र मतदान केन्द्र अनुसार मतदानमा चाहिने समाग्री तयारी अवस्थामा रहेको छ। मत बदर नहोस् भन्ने हेतुले तीनवटै गाउँपालिकामा नमूना मतदानसमेत सम्पन्न गरेको छ।

**प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डेका अनुसार** जिल्लामा राजनीतिक दलका उम्मेवारहरू तथा नेता कार्यकर्ताले आ-आफ्नो घरदैलौ कार्यक्रमहरू गरिरहेका छन्। हालसम्म जिल्लामा शान्तिपूर्ण तवरले उम्मेदवारहरूले प्रचार प्रसा गरीरहेको छन्। ०७९ मङ्सिर २४ गते राती सरूमारानी गाँउपालिका– ३ चाभास्थित सरस्वती माविको गेटमा “मङ्सिर ४ गतेको संसदीय निर्वाचन सशक्त बहिष्कार गरौं” उल्लेख गरेको पर्चा टाँसिएको स्थानीय सुरेश योगीले बताउनु भयो। पर्चामा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) लेखिएको योगीले बताउनु भयो। निर्वाचान आचारसंहिता अन्तरगत शिक्षक र कर्मचारीहरू निर्वाचन प्रचार प्रसारमा रहेको भन्ने चार वटा मौखिक उजुरी आएकोमा सम्बन्धित कर्मचारी र शिक्षकहरूलाई मौखिकरुपमा सचेत गराइएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख देवीराम पाठकले बताउनु भयो।

**बाँके जिल्ला प्रतिनिधि लक्ष्मी थारूका अनुसार** बाँके क्षेत्र नं. ३ (ख) का एमाले-राप्रपा गठबन्धनका उम्मेदवार भीम ओलीका भाइ मुमबहादुर ओलीमाथि आज्ञात पक्षले कात्तिक २३ गते राती घरमा सुतिरहेको अवस्थामा बाहिर बोलाएर खुकुरी प्रहार गरेको छ। खुकरी प्रहारबाट घाइते ओलीको भेरी अस्पतालमा उपचार भइरहेको छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई गिरफ्तार गरी अनुसन्धान गरीरहेको छ। घटनामा प्रयोग भएको खुकुरी र ना ६२ प ६७७४ नम्बरको स्कुटर घटनास्थलबाट बरामद गरेको इलाका प्रहरी कार्यालय धनौलीले जनाएको छ। निर्वाचन आयोगले आचार संहिता उल्लङ्घन गरेको उजुरी आधारमा तीन जना उम्मेदवार जनप्रतिनिधिलाई स्पष्टीकरण सोधेको निर्वाचन कार्यालयले जनाएको छ। नेपालगञ्ज उप-महानगरपालिका-२० का वडा अध्यक्ष कोशलकुमार गौतमलाई राहत वितरण गरेको, जनता समाजवादी पार्टीका उम्मेदवार इस्तियाक अहमद राईलाई डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरीलाई अपमानजनक शब्द प्रयोग गरेको र राष्ट्रिय प्रजातन्त्र पार्टी उम्मेदवार धवलशमशेर राणालाई एउटै वडामा तीन वटा भन्दा बढी सम्पर्क कार्यालय खोलेको उजुरी निर्वाचन आयोगले आचार संहिता उल्लङ्घन गरेको भन्दै उजुरीको आधारमा स्पष्टिकरण सोधेको जिल्ला निर्वाचन अधिकारी रमा पन्तले बताउनु भयो। **यसैगरी,** नेकपा एमाले तथा राप्रपा गठबन्धनले प्रचार प्रसारका क्रममा नीजि घरहरूमा पम्पलेट टाँस गरेका छन्। नेपाली काङ्ग्रेस तथा नेकपा माओवादी लोकतान्त्रिक बाम गठबन्धनले साँझ ७ बजे पछि कार्यक्रम तथा प्रचार प्रसार गरेको , लोकतान्त्रिक समाजबादी पार्टीले ब्यानर तथा फ्लेस प्रिन्ट चोक तथा नीजि घरमा टाँस गरेको पाइएको छ। यसैगरी, स्वतन्त्र उम्मेदवार

प्रदीप शाहले चोकमा फ्लेस प्रिन्ट टाँस गरेको , जनता समाजवादी पार्टी नेपालले निजि घरमा पम्पप्लेट टाँस गरेको र राष्ट्रिय स्वतन्त्र पार्टीले पार्टीको झण्डा विद्युतको पोलमा झुण्ड्याइएको पाइएको छ ।

**रूपन्देही जिल्ला प्रतिनिधि रीमा बिसीका अनुसार** जिल्लामा आचार संहिता उल्लङ्घनमा, आठजनालाई स्पष्टीकरण र १७ जना कारबाहीको सिफारिस गरेको जनाएको छ । प्रतिनिधि र प्रदेश सभा सदस्यको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित बनाउन आचार संहिता जारी गरे पनि आचार संहिता उल्लङ्घनका घटनाहरू देखिन थालेका छन् । निर्वाचन अचार संहिता अनुगमन समितिले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचनका लागि जारी निर्वाचन आचार संहिता उल्लंघन गरेको भन्ने उजुरी र सूचनाको आधारमा गठबन्धनका प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार, नेपाली कांग्रेसका भरत शाह, सोही क्षेत्रबाट प्रदेश सभा (ख) का उम्मेदवार नेपाली काङ्ग्रेसका फाकरूद्दीन खान, रुपन्देही क्षेत्र न.२ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार राष्ट्रिय जनमुक्ति पार्टीका केशवबहादुर थापा मगर प्रतिनिधिसभा सदस्य उम्मेदवार हाम्रो नेपाल पार्टीका भीष्मकुमार राना र रुपन्देही क्षेत्र नं.३ जनमत पार्टीबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रमोदकुमार राउत , प्रदेशसभा (क) का सलाउद्दीन आलमलाई लिखित स्पष्टीकरण सोधिएको आचार संहिता अनुगमन समिति रुपन्देहीका संयोजक विष्णुप्रसाद ज्ञवालीले बताउनु भयो ।

**पाल्पा प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिनाका अनुसार** पाल्पामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको तयारी तीव्ररुपमा भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृत कमलराज बिष्टले निर्वाचन अधिकृतहरुका लागि कात्तिक २५ गतेबाट तालिम सुरू भएको र तालिम पश्चात निर्वाचन सामाग्रीसहित मतदान स्थलमा पठाइने बताउनु भयो । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा मत बदर सङ्ख्या कम गर्न जिल्ला निर्वाचन कार्यालयले जिल्लाका विभिन्न स्थानीय तहहरू नमूना मतदान सञ्चालन गरेको छ । जिल्लाका १० वटा स्थानीय तह मध्ये सात वटा स्थानीय तहमा नमूना मतदान सम्पन्न भएको र अन्य बाँकी तीन वटा स्थानीय तहमा नमूना मतदान गरिने जिल्ला निर्वाचन अधिकारी रुक्मांगत अर्यालले बताउनु भयो । नमूना मतदानमा मतदातालाई कसरी मतदान स्थल प्रवेश गर्ने, गोप्य स्थलमा गएर मत दिनुपर्ने, मतपत्र कसरी पट्याउने र बाकसमा मत कसरी खसाल्ने ? लगायतका बिषयमा मतदाताहरूलाई जानकारी गराइएको छ ।

**कपिलवस्तु प्रतिनिधि पार्वती आचार्यका अनुसार** जिल्लाको क्षेत्र नं. १ र २ को बिभिन्न स्थानहरूमा नेपाली काङ्ग्रेस , नेकपा माओवादी केन्द्र सहितको गठबन्धनले बिहान ७ बजे देखि नै आचर संहिता विपरित नेता तथा कार्यकताहरू सहित चर्को स्वरमा साउण्ड सिस्टमहरु बजाउने , गाडी छोपिने गरी ब्यानर , झण्डाहरूको प्रयोग गर्नुको साथै ठुलो हूलमा घरदैलो गर्दै हिँड्ने गरेको पाइएको छ । यस्तै नेकपा एमालेका नेता तथा कार्यकर्ताहरूले पनि निर्वाचन आचार संहिता पालना नगरेको पाइएको छ । नाचगान गर्ने ठूलो हूलमा घरदैलो गर्ने गरेका छन् । मोटरसाइकल, साइकल, गाडी, रुख, सरकारी कार्यालयको पर्खाल लगायत स्थानहरूमा पर्चा तथा पम्प्लेटहरू लगाइएको पाइएको छ ।

मोरङ प्रतिनिधि विनोद सुवेदीका अनुसार मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनका लागि मोरङ निर्वाचन क्षेत्र न.३ प्रदेशसभा (१) का लागि मनोनयन दर्ता गराएका उम्मेदवारको अन्तिम नामावली निर्वाचन अधिकृतको कार्यालयले कात्तिक २५ गते प्रकाशन गरेको छ। मोरङ क्षेत्र न.३ प्रदेशसभा सदस्य 'क' का लागि उम्मेदवारी दर्ता गराउनु भएका शेखरचन्द्र थापाको कात्तिक २३ गते उपचारका क्रममा मृत्यु भएपछि निर्वाचन अधिकृतको कार्यालयले असोज २४ गते मनोनयन दर्ताका लागि समय दिएको थियो। आयोगले दिएको समयमा नेपाली कांग्रेसका तर्फबाट वेलवारी नगरपालिका-८ का ५३ वर्षीय मानबहादुर लिम्बूले मनोनयन दर्ता गराउनु भएको थियो।

**गोरखा प्रतिनिधि हरिराम उप्रेतीकाअनुसार** निर्वाचनको मिति नजिकिएसँगै उम्मेदवारहरुले प्रचार प्रसारलाई तीव्रता दिएका छन्। निर्वाचन प्रचार प्रसारको क्रममा सार्वजनिक स्थानमा उम्मेदवारले चुनाव चिन्ह राखेका छन्। निर्वाचन आचार संहितामा सार्वजनिक स्थानमा दलको झण्डा वा उमेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने भनिएको छ। तर गोरखा क्षेत्र नम्वर २ अन्तरगतको मुख्य बस्ती क्षेत्रमा सत्तारुढ गठबन्धनका उमेदवारले दलीय झण्डा र उमेदवारको चुनाव चिन्ह रहेको झण्डा सार्वजनिक सडकमा राखेका छन्।

**इन्सेक दार्चुला प्रतिनिधि नरेन्द्रसिंह कार्कीका अनुसार** सुदूरपश्चिम प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री मानबहादुर धामीले शैल्यशिखर नगरपालिकामा निर्वाचन प्रचारप्रसारको क्रममा मन्त्रालयको ०१-००१ झ ४५२ नम्बरको गाडी दुरुपयोग गरेको भन्दै नेकपा एमालेले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा कात्तिक २५ गते उजुरी दिएको छ। प्रदेश सभा (ख) बाट उम्मेदवार रहनु भएका धामीले सरकारी गाडी दुरुपयोग गरेको भन्दै उजुरी आएकोले छानबिन सुरु गरिएको मुख्य निर्वाचन अधिकृत खेमराज भट्टले बताउनु भयो। यसअघि कात्तिक १८ गते नेकपा एमालेले महाकाली नगरपालिकाको टिप्परमा आफ्ना कार्यकर्ता बोकेको भन्दै गठबन्धनका तर्फबाट उजुरी आएको मुख्य निर्वाचन अधिकृत भट्टले बताउनु भयो।

### नमूना मतदान सञ्चालन

जिल्ला निर्वाचन कार्यालयले शैल्यशिखर नगरपालिकामा नमूना निर्वाचन र अभिमूखिकरण कार्यक्रम सञ्चालन गरेको छ। निर्वाचनमा बदर मत घटाउने उद्देश्यले नमूना मतदान जिल्लाका सबै स्थानीय तहमा सञ्चालन गरिएको जिल्ला निर्वाचन अधिकृत प्रदीपसिंह धामीले बताउनु भयो। निर्वाचन कार्यालय, दार्चुलाले कात्तिक २६ गतेदेखि २ सय ८५ जना मतदान अधिकृत र सहायक मतदान अधिकृतको दुई दिने निर्वाचनसम्बन्धी तालिम सञ्चालन गरिने समेत जिल्ला निर्वाचन अधिकृत धामीले जानकारी दिनु भयो।

नेकपा एमालले निर्वाचन प्रचारप्रसार गरिरहेको अवस्थामा अपिहिमाल गाउँपालिका-५ ओखलमा एमाले कार्यकर्ता र लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताबिच कात्तिक २४ गते साँझ झडप हुँदा चार जना घाइते भएका छन्। झडपमा परी मार्मा गाउँपलिका-३ निवासी एमाले कार्यकर्ता २८ वर्षीय विरेन्द्र विष्ट र शैल्यशिखर नगरपालिका-९ का २५ वर्षीय सुरेश वादी, अपिहिमाल गाउँपालिका-६ निवासी गठबन्धनका कार्यकर्ता २० वर्षीय जहेन्द्रसिंह धामी र २४ वर्षीय जगतसिंह धामी घाइते हुनु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेश शाहीले बताउनु भयो। टाउकोमा चोट लागेका कारण मार्मा स्वास्थ्य चौकीमा समान्य उपचारपछि चारै जनालाई थप उपचारको रिफर गरिएको मार्मा स्वास्थ्य चौकीका डाक्टर लक्ष्मण थापाले बताउनु भयो। नेकपा एमालेबाट प्रदेशसभा (ख) का उम्मेदवार रहनु भएका

रामदत्त जोशीले अपिहिमाल गाउँपालिकाबाट घरदैलो गरेर मार्मा फर्किने क्रममा मदक पदार्थ सेवन गरेका गठबन्धनका कार्यकर्ताले प्रचारप्रसारमा अवरोध गरी सुनियोजित रुपमा आफूमाथि आक्रमण गर्दा झडप भएको बताउनु भयो । माओवादी केन्द्र मार्माका अध्यक्ष नरबहादुर विष्टले एमाले कार्यकर्ताले सुनियोजित रुपमा आक्रमण गर्दा झडप भएको बताउनु भयो । दुबै पक्षले निवेदन दिएपछि छलफल गर्दा उपरान्त कुनै हिंसात्मक कार्य नगरी शान्तिपूर्ण रुपमा प्रचारप्रसार गर्ने मौखिक सहमति भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर लोकेन्द्रबहादुर सिंहले बताए ।
निर्वाचन आचारसंहित विपरित गठबन्धन दलले कात्तिक २४ गते गोकुलेश्वर माविको खेल मैदानमा चुनावी सभा गरेको छ । प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको उपस्थितिमा लोकतान्त्रिक बाम गठबन्धनको बृहत संयुक्त चुनावीसभा गोकुलेश्वर माविको खेल मैदानमा चुनावी सभा गरेको हो । पठनपाठनका लागि विद्यार्थीहरु विद्यालय पुगेको अवस्था मै विद्यालय सँगै जोडिएको विद्यालय खेल मैदानमा ठुला माइक लगाएर लोकतान्त्रिक बाम गठबन्धनले विद्यालयमा कार्यक्रमको आयोजना गर्दा पठनपाठन अवरुद्ध भएको विद्यालयका प्रधानाध्यापक धनन्जय जोशीले बताउनु भयो । निर्वाचन आचारसंहिताले कुनै पनि सरकारी वा अर्धसरकारी निकाय, सार्वजनिक संस्था वा विद्यालय, क्षेत्रमा भेला वा प्रचारप्रसार गर्न नहुने उल्लेख छ ।
निर्वाचन आयोगले शैल्यशिखर नगरपालिका-९ स्थित गोकुलेश्वर उच्च माविमा चुनावी सभा आयोजना गरेकामा उद्योग वाणिज्य तथा आपुर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूसहितका उम्मेदवार र विद्यालयका प्रधानाध्यापकलाई स्पष्टीकरण सोधेको छ । आयोगले चुनावी सभाका विषयमा दार्चुला १ (क) मा प्रदेशसभाका नेपाली कांग्रेसका उम्मेदवार विक्रमसिंह धामी र प्रदेशसभा १ (ख) मा नेकपा माओवादी केन्द्रका उम्मेदवार मानबहादुर धामी र प्रधानाध्यापक धनञ्जय जोशीसँग स्पष्टीकरण माग गरेको हो ।

**कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** आसन्न मङ्सिर ४ गते हने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपुर्ण रुपमा सम्पन्न गर्न तथा अतिसंवेदनशील मतदानस्थलको सुरक्षासम्बन्धमा सर्वपक्षीय बैठक कात्तिक २५ गते धनगढीमा सम्पन्न भएको छ । प्रतिनिधिसभाका लागि पाँच ओटा र प्रदेशसभाका लागि १० ओटा निर्वाचन क्षेत्र रहेको यस जिल्लाका २ सय ३७ मतदानस्थलमध्ये ५२ ओटा मतदानस्थल अतिसंबेदनशील रहेका छन भने १ सय ३२ मतदानस्थल सम्बेदनशिल र ५३ मतदानस्थल सामान्य रहेका छन् ।

**इन्सेक बाजुरा प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय, बाजुराले गौमुल गाउँपालिकाको केन्द्र घटमुनामा कात्तिक २५ गते नमूना मतदान सम्पन्न गरेको छ। मतदाता शिक्षालाई प्रभावकारी बनाउनका लागि नमूना मतदान कार्यक्रम आयोजना गरिएको जिल्ला निर्वाचन अधिकृत नवराज अवस्थीले बताउनु भयो । गौमुल गाउँपालिकाको केन्द्र घटमुनामा आयोजित नमूना मतदान कार्यक्रममा १ सय ६ जनाले मतदान गर्नुभएकामा ३२ ओटा मत बदर भएकोले मतदाता शिक्षालाई थप प्रभावकरी बनाउन अन्य वडाहरुमा पनि नमूना मतदान सञ्चालन भइरहेको जिल्ला निर्वाचन अधिकृत अवस्थीले बताउनु भयो ।

**इन्सेक बझाङ प्रतिनिधि सत्यराजबहादुर सिंहका अनुसार** जिल्ला सुरक्षा समितिको कात्तिक २५ गते बसेको बैठकले साइपाल गाउँपालिका सडक सञ्जालसँग नजोडिएको कारण मतपेटिकाहरुलाई सुरक्षित रुपमा सदरमुकाम ल्यानका लागि हेलिकेप्टरको माग गरिएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताउनुभयो ।

**सप्तरी प्रतिनिधि मनोहर कुमार पोखरेलका अनुसार** जिल्ला अनुगमन समितिले राजविराज बजार क्षेत्रबाट प्रचार सामाग्री हटाए पनि भित्री गल्लीहरूमा सार्वजनिक स्थान, चोक, मन्दिर, अस्पताल, सरकारी कार्यालय, विद्यालयमा व्यानर, तोरण झण्डा हटेको छैन । राजविराजको बजार क्षेत्रबाहेकका वडाहरू, तिलाठी कोइलाडी, महादेवा गाउँपालिका, छिन्नमस्ता गाउँपालिकामा व्यापकमात्रा आचारसंहिता उल्लङघन गर्दै प्रचार सामाग्री झुण्ड्याएको छ ।

सर्वदलीय बैठकमा आचारसंहिता उल्लङ्घन नगर्ने र सार्वजनिक स्थानमा टाँसिएका पोष्टर र झुण्ड्याइएका व्यानर, झण्डा हटाउने लिखित प्रतिबद्धता दलहरूले गरेका छन् । तीन दिनसम्म दलहरूले प्रचार सामाग्री नहटाएपछि प्रहरीको सहयोगमा जिल्ला अनुगमन समितिले राजविराजको मुख्य चोकहरूबाट व्यानर र झण्डा हटाएको छ । सवारी साधनहरूमा लागेको झण्डाहरू समेत झिकेको छ । भित्रीगल्ली र अन्यपालिकाहरूमा भने व्यानर, तोरण । झण्डा झुण्ड्याउने होड नै चलेको छ ।

दलहरूले अनुमति नलिई सवारी साधनहरूको प्रयोग गरिहेका छन् । निर्वाचन चिन्ह प्रयोग भएका स्टिकर, सारी, गम्छाको प्रयोग गरी ठूलो सङ्ख्यामा जुलुससहित परिक्रमा भइरहेको छ । निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (घ) माजुलुस वा आमसभामा भाग लिने वा प्रचार-प्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झन्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्कवा लकेट लगाउन वा झोला बोक्न नहुने व्यवस्था रहेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामकवा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने कुरा आचारसंहितामा उल्लेख भएपनि गलत सूचनाको प्रवाहमा बृद्धि भइरहेको छ ।

प्रतिनिधि सभा २ बाट उम्मेदवार बन्नु भएका जसपाका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष सिके राउत र लोसपाका जयप्रकाश ठाकुरले एक अर्काले आचारसंहिता उल्लङ्घन गरेको आरोप लगाएका छन् । निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा निर्वाचन आयोगले दुई कर्मचारी र केही दलहरूलाई स्पष्टिकरण पनि सोधेको छ । जनमत पार्टीका अध्यक्ष सिके राउत र जसपाका प्रवक्ता मनिष सुमनले निर्वाचन आयोगले पूर्वाग्रही भएर स्पष्टिकरण सोधेको गुनासो गरेका छन् ।

आचार संहिता उल्लङ्घन गरेमा आयोगले १ लाख रुपियाँसम्म जरिवाना गर्न सक्ने वा उम्मेदवारी रद्द गर्न सक्ने कडा व्यवस्था गरेको छ । मुख्यनिर्वाचन अधिकृतको कार्यालयले आचार संहिता पालना नगर्ने उम्मेदवारलाई कारबाही हुन सक्ने र जितको परिणाम समेत रद्द गर्न सक्ने चेतावनी दिदै आएको छ । दलका प्रतिनिधिको सहमतिले बनेको आचार संहिता पालना गर्नु दल र उम्मेदवारको कर्तव्य भएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले बताउनु भएको छ ।

**धनुषा प्रतिनिधि दिपेन्द्र प्रसाद सिंहका अनुसार** मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, सुरक्षित तथा भयरहित वातावरणमा सम्पन्न गराउनका लागि जिल्ला प्रशासन कार्यालय धनुषाले कात्तिक २६ गतेदेखि जिल्लाभर मदिरा बिक्री वितरणमा रोक लगाएको छ ।

निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ६ (थ) मा भएको व्यवस्था, सर्वदलीय/सर्वपक्षीय, समन्वय बैठकको निर्णय तथा जिल्ला सुरक्षा समितिको सिफारिश बमोजिम स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ अनुसार कात्तिक २६ गतेदेखि निर्वाचन कार्य सम्पन्न नहुन्जेलसम्म जिल्लाभर मादक पदार्थ ओसारपसार, विक्री वितरण र सेवन कार्यमा प्रतिवन्ध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ ।

सूचना विपरित निषेधित अवधिमा मादक पदार्थ ओसारपसार, विक्री वितरण र सेवन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले बताउनु भयो ।




UP32GH3619






मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org